प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

गण्डकी प्रदेश

मालेपाटन, पोखरा

## कृषि वन प्रणाली अनुसन्धान, चिया प्रशोधन मेशिनरी र स्थानीय जातका वाली अनुसन्धान सहयोग

**प्रथम पटक सूचना प्रकाशन भएको मिति २०७५/११/१३ गते**

यस निर्देशनालयको आ.व. २०७५/०७६ को स्वीकृत कार्यक्रम अनुसार तपसिलका कार्यक्रमहरु संचालन गर्न ईच्छुक उल्लेखित संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र देहायमा उल्लेखित सम्पूर्ण कागजातहरु समावेश गरी प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | संचालन हुने कार्यक्रम | साझेदारीमा उपलब्ध हुने अनुदान | आवेदन पेश गर्न सक्ने संस्था |
|---|---|---|---|
| १ | कृषि वन प्रणाली (जडीबुटी, टिमुर, फलफूल, रबर, रेशम, मौरी, च्याउ, चिया, अलैची, कफी, अम्रीसो र अन्य) अनुसन्धान कार्यक्रम | प्रस्तावमा पेश भएको कुल अनुसन्धान रकमको अधिकतम ८५ प्रतिशत उपलब्ध हुने र अधिकतम अनुसन्धान रकम रु २० लाखसम्म हुन सक्ने | ईच्छुक कृषि तथा वन विश्वविद्यालय/कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, कृषि तथा वन क्षेत्रको अध्ययन, अनुसन्धानमा संलग्न रहेका गैर सरकारी संस्था वा अन्य उपयुक्त संस्थाहरु |
| २ | उच्च पहाडी सामुदायिक चिया उत्पादन प्रशोधनको लागि मेशिनरी सहयोग अनुदान | प्रस्तावमा पेश भएको कुल रकमको अधिकतम ५० प्रतिशत अनुदान उपलब्ध हुने र अधिकतम अनुदान रकम रु १५ लाखसम्म हुन सक्ने | ईच्छुक कृषक समूह, कृषि सहकारी, कृषि फर्म र कृषि सम्बन्धी काम गर्ने कम्पनीहरु |
| ३ | स्थानीय जातका वाली संरक्षण/प्रवर्द्धन तथा आकस्मिक अनुसन्धान सहयोग | प्रस्तावमा पेश भएको कुल अनुसन्धान रकमको अधिकतम ८५ प्रतिशत उपलब्ध हुने र अधिकतम अनुसन्धान रकम रु २० लाखसम्म हुन सक्ने | ईच्छुक कृषि तथा वन विश्वविद्यालय/कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, कृषि तथा वन क्षेत्रको अध्ययन, अनुसन्धानमा संलग्न रहेका गैर सरकारी संस्था वा अन्य उपयुक्त संस्थाहरु |

**प्रस्ताव पेश गर्दा संलग्न हुनु पर्ने कागजातहरू**

१. रु.१० को टिकट टाँसेको तोकिए अनुसारको आवेदन।
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
३. संस्था दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर प्रमाणको प्रतिलिपी, कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि।
४. चिया प्रशोधन मेशिनको हकमा सम्बन्धित म.न.पा उप-म.न.पा./न.पा./गा.पा.को कृषि शाखाबाट कार्यक्रम सञ्चालन गरिने स्थान प्राविधिक रुपमा उपयुक्त रहेको व्यहोरा र अनुदान उपलब्ध गराउन उचित हुने सिफारिस पत्र।
५. चिया प्रशोधन मेशिन सहयोगको हकमा जडान स्थल कम्तिमा २ रोपनी क्षेत्रफल बराबरको जग्गा आफ्नै नाममा भएको लालपूर्जा वा सम्बन्धित समूहरु फर्म/संस्था/कम्पनीले कम्तिमा १५ वर्षको लागि जग्गा भाडामा लिएको सम्झौतापत्र र सो जग्गाको लालपुर्जाको प्रतिलिपि पेश गर्नुपर्नेछ।
६. समूह, फर्म, संस्था, कम्पनीले व्यहोर्नु पर्ने रकम नगद मौज्दात रहेको प्रमाण र लगानीको श्रोतको आधार।
७. चिया प्रशोधन मेशिन प्रस्तावित कार्यक्रम स्थल सडक, बिजुली र पानीको श्रोतको आधिकारीक प्रमाण पुष्टि हुने कागजात।
८. तोकिए बमोजिमको विस्तृत कार्ययोजनाको प्रस्ताव।
९. भौतिक निर्माणको डिजाइन सहित लागत ईष्टिमेट र खरिद गर्न चाहेको मेशीनरी औजारहरुको स्पेशिफिकेशन तथा लागत मूल्य।
१०. समूह र सहकारीको हकमा प्रस्ताव पेश गर्ने सम्बन्धी कार्य समितिको निर्णय।

**नोट:**

निवेदन तथा प्रस्ताव भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट स्वीकृत निर्दिष्ट ढाँचामा पेश गर्नु पर्नेछ। निवेदन तथा प्रस्ताव सम्बन्धी कागजातहरु यस निर्देशनालयको वेव साईट www.add.p4.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ। निवेदन तथा प्रस्ताव कृषि ज्ञान केन्द्र वा यस निर्देशनालयमा पेश गर्न सकिने छ।


**थप जानकारीका लागि सम्पर्क:**

**कृषि विकास निर्देशनालय,**

**मालेपाटन, पोखरा ०६१-५२०२७३**

**शुष्मा मरहट्टा (बाली संरक्षण अधिकृत) ९८४५१५७३३६, अमृत रेग्मी (वाली विकास अधिकृत) ९८४१०८१०३०**

**कृषि ज्ञान केन्द्रहरु (गोरखा, तनहुँ, लम्जुङ्ग, स्याङ्जा, पर्वत तथा म्याग्दी)**